बुढानीलकण्ठ नगरपालिका

नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड : ७ सङ्ख्या : ६ मिति :- २०८१।०३।३०

भाग : १

## बुढानीलकण्ठ नगरपालिकाको एकीकृत खानेपानी बोर्ड सञ्चालन ऐन,२०८१

**प्रमाणिकरण मिति : २०८१।०३।२३**

नगरपालिका क्षेत्रभित्र रहेका खानेपानीका श्रोतहरूको पहिचान, संरक्षण, सम्वर्द्धन गरी नगरवासीलाई स्वच्छ, सफा गुणस्तरयुक्त खानेपानी सेवालाई नियमित र प्रभावकारी रूपमा वितरण गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) (ध) बमोजिम नगरसभाको १४ औं अधिवेशनको बैठकले **बुढानीलकण्ठ नगरपालिकाको एकीकृत खानेपानी बोर्ड सञ्चालन ऐन, २०८१** पारित गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम “बुढानीलकण्ठ नगरपालिकाको एकीकृत खानेपानी बोर्ड सञ्चालन ऐन,२०८१ ” रहेको छ ।

(२) यो ऐन बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(३) यो ऐन बुढानीलकण्ठ नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

(क) **“अध्यक्ष”** भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्ति समेतलाई जनाउँछ ।

(ख) **“अनुमतिपत्र”** भन्नाले खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवा प्रदायकलाई दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ग) **“आपूर्तिकर्ता”** भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने उपभोक्ता बोर्ड वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(घ) **“उपभोक्ता बोर्ड”** भन्नाले विधान अनुसार गठन भएको खानेपानी उपभोक्ता बोर्ड वा समितिलाई सम्झनु पर्छ ।

(ङ) **“उपभोक्ता समिति”** भन्नाले खानेपानी व्यवस्थापन प्रयोजनका लागि बोर्डद्वारा गठन गरिएका मातहतका समितिहरूलाई सम्झनुपर्छ ।

(च) **“ऐन”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको एकीकृत खानेपानी बोर्ड सञ्चालन ऐन,२०८१ सम्झनु पर्छ ।

(छ) **“कार्यपालिका”** भन्नाले बुढानिलकण्ठ नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ज) **“खानेपानी”** भन्नाले स्वच्छ पिउने पानी सम्झनु पर्छ ।

(झ) **“खानेपानी सेवा”** भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम सम्झनु पर्छ ।

(ञ) **“तोकिएको”** वा **“तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) **“नगरपालिका”** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनु पर्छ ।

(ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बुढानीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ड) **“प्रमुख”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाका प्रमुख सम्झनु पर्दछ ।

(ढ) **“प्राकृतिक पानी”** भन्नाले सनातनदेखि ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(ण) **“बोर्ड”** भन्नाले दफा ३ बमोजिम गठन भएको एकीकृत खानेपानी व्यवस्थापन बोर्ड वा समितिलाई सम्झनु पर्छ ।

(त) **“महसुल”** भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरे बापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ ।

(थ) **“वडा”** भन्नाले बुढानीलकण्ठी नगरपालिकाको वडा कार्यालयहरु सम्झनु पर्दछ ।

(द) **“सदस्य”** भन्नाले बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(ध) **“सभा”** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(न) **“सेवा”** भन्नाले खानेपानी सेवा सम्झनु पर्छ ।

(प) **“सेवा प्रणाली”** भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धीकरण गर्ने प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ ।

(फ) **"सेवा प्रदायक"** भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने, एकीकृत खानेपानी व्यवस्थापन बोर्ड, उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले बोर्डसँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै संस्था समेतलाई जनाउँछ।

## परिच्छेद -२
## एकीकृत खानेपानी व्यवस्थापन बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

**३. एकीकृत खानेपानी व्यवस्थापन बोर्डको गठन :** (१) नगरपालिका क्षेत्रभित्र खानेपानीको सेवा प्रणालीलाई एकीकृत रूपमा प्रभावकारी सञ्चालन, सहजीकरण तथा व्यवस्थापन गर्न बुढानीलकण्ठ नगरपालिकामा देहाय बमोजिमको बुढानिलकण्ठ एकीकृत खानेपानी व्यवस्थापन बोर्ड गठन गरिनेछ।

| | | |
|---|---|---|
| १ | कार्यपालिकाले तोकेको व्यक्ति | अध्यक्ष |
| २ | कार्यपालिकाले खानेपानी सम्बन्धी काम गरेको अनुभवीहरूमध्येबाट मनोनित गरेको दुई जना | सदस्य |
| ३ | कार्यपालिकाले तोकेको एक महिला सहित नगरसभा सदस्यमध्येबाट तीन जना | सदस्य |
| ४ | चालु र निर्माणाधिन खानेपानी उपभोक्ता समतिहरूमध्येबाट नगरपालिकाले मनोनित गरेको एक महिला सहित तीन जना | सदस्य |
| ५ | बोर्डले मनोनयन गरेको खानेपानी तथा सरसफाई सेवा/कानून/वातावरण/सूचना प्रविधि (आई टी) सम्बन्धी क्षेत्रका विज्ञ दुई जना | सदस्य |
| ६. | नगरपालिकाले तोकेको खानेपानी, सरसफाई सम्बन्धी विषय हेर्ने इन्जिनियर एक जना | सदस्य |
| ७. | नगरसभामा प्रतिनिधित्व नभएका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरुमध्येबाट प्रतिनिधित्व हुने व्यक्ती २ जना | सदस्य |
| ८. | प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) बोर्डले आवश्यकता अनुसार सल्लाहकार तथा आमन्त्रित सदस्य राख्न सक्नेछ।

**४. अध्यक्ष र सदस्यको योग्यता :-**

क) नेपाली नागरिक भई बुढानीलकण्ठ नगरपालिका भित्र स्थायी बसोबास गरेको

ख) २५ बर्ष उमेर पुरा भएको।

ग) कालोसूचिमा नपरेको।

घ) फौजदारी अभियोग नलागेको।

ङ) नेपाल सरकारको कुनै पनि लाभको पदमा बहाल नरहेको।

**५. सदस्यको पद रिक्त हुने अवस्था:** बोर्डका मनोनित सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछ :

(क) निजले मनोनयन गर्ने निकाय वा व्यक्ति समक्ष आफ्नो पदबाट लिखित राजीनामा दिई स्वीकृत भएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज साहूको दामासाहीमा परेमा,

(घ) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) निज बिना सूचना लगातार तीन पटकसम्म बोर्डको बैठकमा अनुपस्थित भएमा, वा बोर्डले कारबाही गरेमा,

(च) निजको मृत्यु भएमा वा मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा ।

**६. रिक्त स्थानको पूर्ति :** बोर्ड मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी पदको पूर्ति गरिने छ ।

**७. अध्यक्ष/सदस्य र सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार - बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने, सदस्य सचिवको सहयोगमा बैठकको विषयवस्तु तयार गर्ने, बोर्डको कार्यसँग जोडिएको बिषयवस्तु सँग सम्बन्धित निकायहरु सँग छलफल गर्ने । तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(ख) सदस्यको काम, कर्तव्य र अधिकार - बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, बोर्डको उद्देश्य पूरा गर्न लागी पर्ने । तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(ग) सदस्य सचिवको काम, कर्तव्य र अधिकार - बैठकको सूचना गर्ने, बैठक संचालन गर्ने र निर्णय प्रमाणीकरण गर्ने । बोर्डको निर्णय अभिलेख र व्यवस्थापन गर्ने । बोर्डको निर्णयहरु कार्यान्वयन गर्ने गराउने । बोर्डको दैनिक प्रशासनिक कार्य संचालन गर्ने गराउने । नगरपालिका र बोर्डले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

**८. बोर्डको क्षेत्राधिकार:** (१). बोर्डको क्षेत्राधिकार बुढानीलकण्ठ नगरपालिका भित्रको सम्पूर्ण भूगोल तथा सेवा प्रदायकले हाल प्रदान गरिरहेको सेवा क्षेत्रलाई समेत मान्नु पर्नेछ ।

**९. बोर्डको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकार बाहेक, बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका क्षेत्रभित्रको खानेपानीको मूलहरुको पहिचान, संरक्षण र सम्वर्द्धनको सुरक्षा गर्ने ।

(ख) नगरपालिका क्षेत्र भरि शुद्ध खानेपानी वितरणको लागि सेवा प्रणालीलाई एकिकृत, नियमित र व्यवस्थित बनाई एकीकृत रुपमा संचालन गर्ने,

(ग) नगर क्षेत्रभित्र प्रा.लि., लि. तथा उद्योगको रूपमा दर्ता भएका संस्था तथा उपभोक्ता बोर्डहरुद्वारा संचालन र व्यवस्थापनमा रहेको चालु एवं निर्माणाधिन खानेपानीको

आयोजनाहरुलाई नगरपालिकाको अधिन र स्वामित्वमा ल्याई एकीकृत रुपमा खानेपानीको आयोजनाहरुको संचालन गर्ने । नगरपालिकाको अधिनस्थ नरहेको खानेपानी उपभोक्ता बोर्डहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने ।

(घ) चालु एवं निर्माणाधिन खानेपानी आयोजनाहरुको आर्थिक एवं प्राविधिक मूल्याङ्कन गर्ने ।

(ङ) एकीकृत खानेपानी सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्न निर्देशन गर्ने,

(च) खानेपानी दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

(छ) खानेपानी स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा योजना निर्माण गर्ने गराउने,

(ज) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी नगरपालिकामा पेश गरी स्विकृत भएपछि कार्यान्वयन गराउने,

(झ) उपभोक्ता बोर्ड गठन गरी दर्ता गर्न चाहनेलाई छानबिन गरी सञ्चालन अनुमति प्रदान गर्ने, एकीकृत सेवा शुल्क निर्धारण तथा जरिवाना निर्धारण

(ञ) सञ्चालनमा रहेका उपभोक्ता बोर्डको अनुगमन, नियमन तथा निर्देशन र नियन्त्रण र अभिलेखिकरण गर्ने,

(ट) नगरवासीलाई एकीकृत रुपमा स्वच्छ खानेपानी वितरण गर्ने ।

(ठ) सेवा सञ्चालनका लागि आवश्यक पर्ने अन्य काम गर्ने ।

(ड) वार्षिक /अर्धवार्षिक प्रतिवेदन तयार गरी नगरपालिकासमक्ष पेश गर्ने ।

(ढ) बोर्डले आवश्यकताअनुसार विषय विज्ञहरू सहितको तीनदेखि पाँच जनासम्मको सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**१०. बोर्डले सेवा सञ्चालन गर्ने गराउने:**

(१) बोर्डले सञ्चालन गर्नु पर्ने सेवा आफैले वा आवश्यकता अनुसार अनुमतिपत्र प्रदान गरी उपभोक्ता बोर्ड, सार्वजनिक निजी साझेदारीको ढाँचामा सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी संस्थाको हकमा देहाय बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछ ।

(क) उपदफा (१) सेवाको अवधि सम्झौतापत्रमा उल्लेख गरिए बमोजिम हुनेछ ।

(ख) सेवा प्रदायकले पालन गर्नु पर्ने शर्तहरु अनुमतिपत्र, सम्झौता वा तोकिए बमोजिम हुनेछन् ।

(ग) अनुमति पत्रको ढाँचा तथा सम्झौतामा उल्लेख हुनु पर्ने कुरा तोकिए बमोजिम हुनेछ ।

**११. अनुमतिपत्र दिन इन्कार गर्न सकिने:** देहायको कुनै अवस्थामा बोर्डले सेवा प्रदायकको अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछ :

(१) प्रचलित कानून बमोजिम दर्ता नभएको,

(२) अनुमति प्राप्त गर्नका लागि तोकिएको प्राविधिक योग्यता वा आर्थिक क्षमता नभएको,

(३) कालो सूचीमा परी कालो सूची कायम रहेको,

(४) तोकिएका अन्य अवस्था विद्यमान भएमा ।

**१२. सेवा प्रदायकको अनुमति पत्र रद्द गर्न सकिने:** (१) देहाय बमोजिममा बोर्डले अनुमति पत्र रद्द गर्न सक्नेछ ।

(क) काबूबाहिरको परिस्थिति बाहेक अनुमति पत्रमा तोकिएका अवधिभित्र सेवा सुरु नगरेमा,

(ख) सेवा प्रारम्भ गरे पश्चात् काबूबाहिरको परिस्थितिमा बाहेक बिनासूचना सेवा प्रदान नगरेमा ।

(ग) स्वीकृति प्रदान गरिएको भन्दा बढी सेवा महसूल लिएमा,

(घ) ऐन, नियमावली, अनुमतिपत्र वा सम्झौता उल्लंघन गरेमा,

(ङ) सेवा प्रवाहको मापदण्ड र स्तर उल्लंघन गरेमा,

(च) बोर्डले दिएको निर्देशनको पालना नगरेमा,

(२) उपदफा (१) बमोजिम अनुमति पत्र रद्द गर्नु अघि बोर्डले सेवा प्रदायकलाई सफाईका मनासिब मौका दिनुपर्नेछ ।

**१३. पानी उपभोग तथा वितरण सम्बन्धी अधिकार सर्ने:** (१) बुढानीलकण्ठ नगर क्षेत्र भित्र खानेपानी उपभोक्ता संस्थाले सञ्चालन र व्यवस्थापन गरेको सेवा प्रणाली ऐन लागु भए पश्चात स्वतः यसै ऐन बमोजिम सञ्चालित भएको मानिनेछ ।

**१४. बोर्डको बैठक र निर्णय:**

(१) बोर्डको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डका कम्तीमा पच्चीस प्रतिशत सदस्यले बोर्डको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र बोर्डको बैठक बोलाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम बोर्डको बैठक बोलाउँदा बढीमा पन्ध्र दिनभित्र बोर्डको बैठक बस्ने गरी बोर्डको बैठक बोलाउनु पर्नेछ ।

(५) बोर्डको कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्य भएमा बोर्डको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) बोर्डको बैठकको अध्यक्षता, अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बोर्डका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(८) बोर्डको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(९) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैंले निर्धारण गर्नेछ ।

(१०) बैठकमा आवश्यकतानुसार विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

**१५. सदस्यको भत्ता तथा सुविधा :** नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

**१६. कोष :** बोर्डको कोष तोकिए बमोजिम हुनेछ ।

**१७. कर्मचारी** : बोर्डको कर्मचारी नगरपालिकाले आवश्यक बमोजिम व्यवस्था गर्नेछ ।

**१८. लेखा परीक्षण :** बोर्डको लेखा परीक्षण नगरपालिकाले गर्नेछ ।

**१९. उप बोर्ड :** बोर्डले आवश्यकता अनुसार उप बोर्ड वा कार्य टोलीहरु गठन गर्न सक्नेछ । उप बोर्ड वा कार्य टोलीहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२०. अधिकार प्रत्यायोजन :** बोर्डले आफूलाई प्राप्त अधिकार मध्ये केहि वा सबै अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सदस्य सचिव वा बोर्डको कुनै अधिकृतस्तरको कर्मचारी प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. बोर्डको कार्यालय :** यस बोर्डको कार्यालय नगरपालिकामा रहनेछ । आवश्यकता अनुसार बुढानिलकण्ठ नगरपालिका भित्रको अन्य स्थानमा सम्पर्क कार्यालयहरु खोल्न सकिने छ ।

**२२. अनुगमन बोर्ड :** बोर्डको कामको अनुगमन र मूल्याकंनको लागि देहाय बमोजिम तीन सदस्य अनुगमन बोर्ड रहनेछ ।

क) नगरपालिकाको प्रमुखः- संयोजक

ख) नगरपालिकाको उपप्रमुख : सदस्य

ग) खानेपानी सम्बन्धी इन्जिनियर : सदस्य

घ) खानेपानी शाखा : सदस्य

ङ) प्रशासन शाखा : सदस्य

**२३. अनुगमन बोर्डको काम, कर्तव्य र अधिकार :-** दफा २१ बमोजिम गठीत अनुगमन बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) बुढानिलकण्ठ एकीकृत खानेपानी व्यवस्थापन बोर्डले बुढानिलकण्ठ नगरपालिका क्षेत्रभित्र खानेपानीको लागि गरेको कार्यक्रम योजनाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

ख) नीती कार्यक्रम, बजेट, योजना तथा प्रशासनिक एवं आर्थिक कारोवारको कार्यलाई नियमित सुपरीवेक्षण तथा निर्देशन गर्ने ।

ग) बुढानिलकण्ठ क्षेत्रभित्र बोर्डको कार्यलाई पारदर्शी, जिम्मेवार र जवाफदेही ढंगबाट सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

घ) अनुगमन प्रतिवेदन तयार गरि नगर कार्यपालिका समक्ष पेश गर्ने ।

**२४. शपथ :-**

क) बोर्डको अध्यक्षले र पदाधिकारीले अनुसूची -१ मा रहेको व्यहोराको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी बुझाएपछि शपथ लिएको मानिनेछ ।

ख) अध्यक्ष र सदस्यको प्रतिवद्धता पत्रको बेहोरा अनुसूची-१ म उल्लेख गरेबमोजिम हुनेछ ।

**२५. छाप र लेटर प्याड :-** बोर्डको छाप र लेटर प्याड तोकिए बमोजिम हुनेछ ।

## परच्छेद - ४

## बोर्डको विशेषाधिकार

**२६. ऋण तथा सहयोग लिन सक्ने :** खानेपानी सेवा प्रदायक संस्थाले नेपाल भित्रको कुनै बैंक वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न एकीकृत खानेपानी व्यवस्थापन बोर्डको सिफारिसमा नगर कार्यपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

**२७. लगानी गर्न सक्ने :** (१) उपभोक्ताहरुको हितलाई ध्यानमा राखि एकीकृत खानेपानी व्यवस्थापन बोर्डबाट नगरपालिका वा अन्य दातृ निकायको सहयोगमा लगानी व्यवस्थापनका लागि पहल गर्न सक्नेछ ।

## परिच्छेद- ५
## उपभोक्ता बोर्ड दर्ता सम्बन्धी व्यवस्था

**२८. उपभोक्ता बोर्ड दर्ता गर्नुपर्ने :**

(१) नगरपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरुमा पुऱ्याउने उद्देश्यले नगरवासीहरू मिली उपभोक्ता समितिहरूको स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता बोर्ड तोकिए बमोजिम नगरपालिकामा सूचिकृत गर्नुपर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई संचालित उपभोक्ता बोर्ड पनि यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र कानून बमोजिम नगरपालिकामा सूचिकृत हुनु पर्नेछ ।

(४) उपभोक्ता बोर्डको दर्ता तथा नवीकरण सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

**२९. उपभोक्ता बोर्ड सम्बन्धी अन्य व्यवस्थाः** उपभोक्ता बोर्डको कार्यक्षेत्र, वर्गीकरण, उपभोक्ता बोर्डको विघटन लगायतका विषयहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ६
## कसूर तथा सजाय

**३०. कसूर तथा सजाय :**

(१) कसैले यो ऐन वा यस अन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा क्षति भएको हानि नोक्सानी भराई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएकोमा कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना,

(घ) सेवा मापक यन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा वाधा अवरोध पुऱ्याएमा बिगो असुल गरी दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्ट गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगो बमोजिम जरिवाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छ महिनासम्म बन्द वा निलम्बन गर्ने ।

(च) दफा १६ बमोजिम उपभोक्ता बोर्ड दर्ता नगराई बोर्ड स्थापना गरेमा वा कानून बमोजिम दर्ता नगरी बोर्ड संचालन गरेमा त्यस्ता बोर्डका सदस्यहरुलाई बोर्डले जनही पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(छ) माथि लेखिए देखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गतको नियमावलीका व्यवस्था उल्लंघन गरेमा पचास हजार रुपैयाँसम्म जरिवाना ।

(२) यस दफा बमोजिम कसूरको उजुरी तथा छानबिन गरी सजाय गर्न अधिकार बोर्डलाई हुनेछ ।

(३) बोर्डले उपदफा (२) बमोजिम गरेको सजाय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

## परिच्छेद-७
## विविध

**३१.महसुल :-** खानेपानीको जडान सेवा शुल्क, महसुल लगायत अन्य शुल्कहरु तोकिए बमोजिम हुनेछ ।

**३२.निर्देशन दिन सक्ने :** सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा कार्यपालिकाले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ ।

**३३. वार्षिक प्रतिवदेन पेश गर्नु पर्ने :** (१) खानेपानी प्रदायक संस्थाले त्रैमासिक प्रगती प्रतिवेदन र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तिन महिनाभित्र समिक्षा सहितको वार्षिक प्रगती प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) एकीकृत खानेपानी व्यवस्थापन बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र बुढानीलकण्ठ नगरपालिका भित्र खानेपानी क्षेत्रमा भएका कामको सम्पूर्ण विवरण समेत समावेश गरी कार्यपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन कार्यपालिकाले प्रत्येक वर्ष बोर्डलाई सार्वजनिक गर्न लगाउने छ ।

**३४. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**३५. निर्देशिका बनाई लागू गर्न सक्ने :** यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई कार्यपालिकाबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

अनुसूची -१
दफा २४ (ख) सँग सम्बन्धित

**प्रतिबद्धता पत्र**

म ................................... बुढानीलकण्ठ नगरपालिका एकिकृत खानेपानी व्यवस्थापन बोर्डको ................................... पदको जिम्मेवारी लिइरहेको अवसरमा ऐनअनुसारको पदीय दायित्व र जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्ने प्रतिवद्धता गर्दछु । साथै पदीय दायित्व अनुकूल पारदर्शी र गोप्यता कायम राखी काम गर्नेछु । जय बुढानीलकण्ठ ।

प्रतिवद्धता गर्नेको,

नाम :

ठेगाना :

सम्पर्क नं:

दस्तखत :

मिति :

बुढानीलकण्ठ नगरपालिकाको १४ औं नगरसभाबाट पारित यो विधेयक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ को उपदफा (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

.........................
मिठाराम अधिकारी
**प्रमुख**
मिति : २०८१।०३।२३